**२०७८ साल बैशाख २९ गते बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश योजना आयोगमा उपाध्यक्षमा प्रा.डा.श्री ईश्वर गौतम (रुपन्देही) र सदस्यमा श्री तेज बहादुर बस्नेत (दाङ) लाई नियुक्त गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** माननीय मुख्यमन्त्रीको प्रमुख राजनितिक सल्लाहकारमा श्री झपेन्द्र बहादुर घर्ति (क्षत्री) जि.सी. (पाल्पा),जनसम्पर्क सल्लाहकारमा श्री छविलाल वली (दाङ) र प्रेस सल्लाहकारमा शेर बहादुर के.सी.(गुल्मी) लाई नियुक्ति गर्ने ।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८ स्वीकृत गर्ने।

४. **शिक्षा तथा सामाजिक विकास मन्त्रालयः** प्रदेश खेलकुद परिषद्को सदस्यमा विभिन्न जिल्लाहरुबाट (१६) सोह्र जना सदस्यहरु मनोनयन गर्ने ।

५. **भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयः** जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

६. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा डा.मनिलाल नेवार श्रेष्ठ (एघारौं तह) र राप्ती प्रादेशिक अस्पताल दाङमा डा.जीत नारायण यादव (एघारौं तह) लाई कामकाजमा खटाउने ।